# बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६

(नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको
मिति २०७६/०७/२४ गतेको निर्णयले स्वीकृत)

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
## राष्ट्रिय बाल अधिकार परिषद्
श्रीमहल, पुल्चोक, ललितपुर

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ३६१०८२
दर्ता मिति: २०८२।११।२६

# बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६

प्रस्तावनाः बालबालिका हराउने वा वेपत्ता हुने, अपहरणमा पर्ने, बेचबिखन तथा ओसार पसारमा पर्ने, बाल हिंसा हुने र बाल यौन दुर्व्यवहार हुने घटनाक्रमलाई रोकथाम, नियन्त्रण तथा निषेध गर्न सम्बन्धित तीनै तहका सरकारी निकाय तथा सामाजिक संघ संस्थाहरु बीचको समन्वय, सहकार्य र सहयोगमा बालबालिकाको खोजतलास तथा उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापनाका कार्यहरू बालमैत्री वातावरणमा गर्न गराउन वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) को अधिकार प्रयोग गरी नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६ स्वीकृत गरेको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो निर्देशिकाको नाम "बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६" रहेकोछ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम गठन गरिएको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन राष्ट्रिय समन्वय समिति सम्झनु पर्छ र सो शब्दले प्रदेशको हकमा दफा (९) बमोजिमको बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन प्रदेश समन्वय समिति र स्थानीय तहको हकमा दफा (१०) बमोजिमको बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन जिल्ला समन्वय समितिलाई समेत जनाउँछ ।



सचिव

(ङ) "केन्द्र" भन्नाले दफा ९ को खण्ड (क) बमोजिम स्थापना गरिएको बालबालिका खोजतलास समन्वय केन्द्र सम्झनु पर्छ र सो शब्दले प्रदेश तहमा स्थापना हुने बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र समेतलाई जनाउँछ ।

(च) "सेवा केन्द्र" भन्नाले नेपाल प्रहरी वा प्रदेश प्रहरीको जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरमा रहेको बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र सम्झनु पर्छ । साथै सो शब्दहरूले जिल्ला स्थित अन्य ईलाका प्रहरी कार्यालय, प्रभाग, वृत्त तथा वडा प्रहरी कार्यालयमा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र समेतलाई जनाउँछ ।

(छ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

(ज) "बालबालिका खोजतलास नम्बर १०४" भन्नाले हराएका तथा वेपत्ता भएका बालबालिका खोजतलास गर्न, बेवारिस भेटिएका तथा अपहरणमा परेका बालबालिकाको सकुशल उद्धार गर्न, बेचबिखन तथा ओसार पसार, हिंसा र यौन दुर्व्यवहारमा परेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा कानूनी कारबाहीको लागि अनुसन्धान गर्न जो कसैले पनि केन्द्र तथा सेवा केन्द्रमा सम्पर्क गर्न सक्ने निःशुल्क टेलिफोन नम्बर १०४ सम्झनु पर्छ ।

(झ) "जोखिममा परेका बालबालिका" भन्नाले हराएका, बेवारिस अवस्थामा रहेका, अपहरणमा परेका, वेपत्ता भएका तथा पारिएका, बेच विखन तथा ओसार पसारमा परेका, विभिन्न हिंसामा परेका, यौन दुर्व्यवहारमा परेका, जोखिमपूर्ण काम वा व्यवसायमा रहेका र सडकमा बस्ने बालबालिका सम्झनु पर्छ ।

(ञ) "सरोकारवाला" भन्नाले बालबालिकाको हक हित तथा बालबालिकाको संरक्षण र बाल अधिकार प्रवर्धनको क्षेत्रमा कार्यरत संघ, प्रदेश र स्थानीय तहका सरकारी निकाय, गैर सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, बाबु, आमा, अभिभावक, संरक्षाक, शिक्षक, प्रहरी, चिकित्सक, अधिवक्ता, समाजसेवी, सामाजिक कार्यकर्ता र बाल अधिकारकर्मी सम्झनु पर्छ ।

(ट) "अस्थायी संरक्षण सेवा केन्द्र" भन्नाले बेवारिस फेला परेका तथा सडक बालबालिकालाई सम्बन्धित परिवारमा पुनर्मिलन तथा बाल गृहमा दीर्घकालीन पुनर्स्थापना नगरुन्जेलसम्म तत्काल अल्पकालीन आश्रयका लागि राखिने त्यस्ता बाल गृह तथा केन्द्र सम्झनु पर्छ ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं



सचिव

## परिच्छेद –२

## उद्देश्य, सिद्धान्त, लक्षित बालबालिका र प्रवाह गरिने सेवाहरु

३. <u>उद्देश्यः</u> हराएका, बेवारिस फेला परेका, अपहरणमा परेका, वेपत्ता भएका, बेचबिखन तथा ओसार पसारमा परेका, हिंसामा परेका र यौन दुर्व्यवहारमा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण, व्यवस्थापन तथा अनुसन्धान गरी कानूनी कारबाहीको लागि सिफारिस गर्ने ।

४. <u>सिद्धान्तः</u>

(क) बाल बचाउ,

(ख) बाल संरक्षण,

(ग) बाल अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति,

(घ) बालबालिकाको सर्वोत्तम हित।

५. <u>लक्षित बालबालिकाः</u> जोखिममा परेका बालबालिका ।

६. <u>प्रवाह गरिने सेवाहरुः</u> जोखिममा परेका बालबालिकाका लागि देहाय बमोजिमको कार्य तथा सेवा प्रवाह गरिनेछः-

(क) निःशुल्क टेलिफोन नम्बर १०४ मा सम्पर्क तथा जानकारी र सूचना दर्ता,

(ख) हराएका र अपहरणमा परेका तथा वेपत्ता भएका बालबालिकाको खोजतलास,

(ग) जोखिममा परेका बालबालिकाको तत्काल उद्धार,

(घ) उद्धार गरिएका बालबालिकालाई तत्काल अल्पकालीन आश्रयको व्यवस्था,

(ङ) स्वास्थ्य उपचार, मनोविमर्श तथा पारिवारिक परामर्श,

(च) कानूनी परामर्श तथा कानूनी कारबाही,

(छ) पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण,

(ज) अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापना व्यवस्थापन,

(झ) बाल अधिकार तथा बालमैत्री सचेतना अभिवृद्धि,

(ञ) समन्वय, सहकार्य, सहजीकरण र सहयोग ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## परिच्छेद –३

### राष्ट्रिय, प्रदेश, जिल्ला समन्वय समिति तथा समितिको काम, कर्तव्य र अधिकार

७. <u>बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन राष्ट्रिय समन्वय समितिको गठनः</u> (१) बालबालिका खोजतलास नम्बर १०४ को उद्देश्य तथा बालबालिका खोजतलास समन्वय केन्द्र, बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र र जिल्ला स्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका कार्यहरुको सञ्चालन, संमन्वय र सहयोग समेतका लागि देहाय बमोजिमको १३ (तेह्र) सदस्यीय बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन राष्ट्रिय समन्वय समिति रहनेछः-

(क) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय –संयोजक

(ख) सह-सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (बालबालिका हेर्ने) – सदस्य

(ग) प्रमुख/प्रहरी नायब महानिरीक्षक, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय – सदस्य

(घ) उप-सचिवस्तर प्रतिनिधि, गृह मन्त्रालय –सदस्य

(ङ) उप-सचिवस्तर प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय – सदस्य

(च) उप-सचिवस्तर प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्राल -सदस्य

(छ) उप-सचिवस्तर प्रतिनिधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बाल श्रम हेर्ने) –सदस्य

(ज) उप-सचिवस्तर प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (बाल स्वास्थ्य हेर्ने) –सदस्य

(झ) उप-निर्देशकस्तर प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरण –सदस्य

(ञ) प्रमुख, बालबालिका खोजतलास समन्वय केन्द्र –सदस्य

(ट) प्रतिनिधि, नेपाल पत्रकार महासंघ –सदस्य

(ठ) राष्ट्रिय समन्वय समितिले तोकेको १०४ सेवा प्रदायक निकायको प्रतिनिधि एक जना – सदस्य

(ड) प्रशासकीय प्रमुख, राष्ट्रिय बाल अधिकार परिषद् –सदस्य–सचिव

(२) समितिले आवश्यक ठानेका व्यक्ति तथा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको सचिवालय परिषद्मा रहनेछ।

८. <u>राष्ट्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकारः</u> बालबालिका खोजतलास नम्बर १०४ राष्ट्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–



२।।५।७।

सचिव

नेपाल सरकार ... बालबालिका तथा ज्येष्ठ नागरिक ... सिंहदरबार, काठमाडौं

(क) बालबालिका हराउने, अपहरण हुने, बेवारिस हुने, वेपत्ता हुने, बेचबिखन तथा ओसार पसारमा पर्ने, हिंसा हुने र यौन दुर्व्यवहार हुन सक्ने घटनालाई रोकथाम र नियन्त्रण गर्न मन्त्रालयलाई आवश्यक सुझाव दिने।

(ख) बालबालिका खोजतलास नम्बर १०४ को लागि आवश्यक आर्थिक तथा मानवीय स्रोतको व्यवस्था गरी परिचालन गर्ने, गराउने ।

(ग) अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(घ) बालबालिका खोजतलास नम्बर १०४ को सेवा प्रवाह प्रभावकारिता अभिवृद्धिका लागि विभिन्न निकाय तथा संस्थासँग समन्वय गर्ने ।

(ङ) केन्द्र तथा सेवा केन्द्रहरूको सुदृढीकरण तथा व्यवस्थापन गर्ने ।

९. <u>बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन प्रदेश समन्वय समितिको गठनः</u> (१) बालबालिका खोजतलास नम्बर १०४ को उद्देश्य तथा बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र र प्रदेश अन्तर्गत रहेका जिल्ला स्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका कार्यहरुको सञ्चालन, समन्वय र सहयोग समेतका लागि प्रत्येक प्रदेशमा प्रदेश सामाजिक विकास मन्त्रालयको सचिवको संयोजकत्वमा एक बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन प्रदेश समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश समन्वय समितिमा रहने सदस्य संख्या, समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि, आर्थिक तथा मानवीय स्रोत साधनको व्यवस्थापन, समितिको केन्द्र तथा सचिवालय स्थापना र सञ्चालन लगायतका कार्यहरू सम्बन्धित प्रदेशका सरोकारवाला मन्त्रालय तथा निकायको समन्वय र सहकार्यमा प्रदेश सामाजिक विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन जिल्ला समन्वय समितिको गठनः</u> (१) बालबालिका खोजतलास नम्बर १०४ को उद्देश्य तथा बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र र जिल्ला स्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका कार्यहरुको सञ्चालन, समन्वय र सहयोग समेतका लागि प्रत्येक जिल्लाको जिल्ला प्रहरी कार्यलय वा महानगरीय प्रहरी परिसर प्रमुखको संयोजकत्वमा सम्बन्धित सेवा केन्द्र प्रमुख सदस्य-सचिव रहने गरी एक बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन जिल्ला समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको जिल्ला समन्वय समितिमा रहने अन्य सदस्य संख्या, समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यविधि, प्राप्त स्थानीय, आर्थिक र मानवीय स्रोत साधनको व्यवस्थापन लगायतका कार्यहरू सम्बन्धित जिल्लाका सरोकारवालाको



सचिव

समन्वय र सहकार्यमा जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसरले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन जिल्ला समन्वय समितिको सचिवालय सम्बन्धित सेवा केन्द्रमा रहनेछ

## परिच्छेद –४
## बालबालिका खोजतलास नम्बर १०४ को संस्थागत संयन्त्र
## केन्द्र तथा सेवा केन्द्रको काम, कर्तव्य र अधिकार

११. बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन केन्द्र र सेवा केन्द्रहरू: बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन तथा व्यवस्थापनको लागि दफा ७,९ र १० मा भएको राष्ट्रिय, प्रदेश र जिल्ला समन्वय समिति सहित देहाय बमोजिमका जिम्मेवारी भएका केन्द्र तथा सेवा केन्द्रहरू रहने छन्:-

(क) बालबालिका खोजतलास नम्बर १०४ को केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा संघीय प्रहरी एकाइको रुपमा बालबालिका खोजतलास समन्वय केन्द्र **(National Coordination Centre for Children at Risk-NCCR)** को नामले रहनेछ ।

(ख) बालबालिका खोजतलास नम्बर १०४ को संघीय एकाइ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र नेपाल प्रहरीको संयुक्त सहयोग, सहकार्य र समन्वयमा नेपाल प्रहरीको एक अभिन्न संघीय अङ्गको रुपमा सञ्चालन हुनेछ ।

(ग) प्रत्येक प्रदेशमा आवश्यकतानुसार बालबालिका खोजतलास नम्बर १०४ को प्रदेश समन्वय केन्द्र र यसको सचिवालय तथा प्रदेश एकाइ प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति र प्रदेश प्रहरीको समन्वय, सहयोग र सहकार्यमा प्रदेश सामाजिक विकास मन्त्रालयले निर्धारण गरेको कार्यविधि बमोजिम स्थापना, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।प्रदेश समन्वय केन्द्र प्रदेश प्रहरीको एक अभिन्न प्रादिशक अङ्गको रुपमा सञ्चालन हुनेछ ।

(घ) नेपाल प्रहरी तथा प्रदेश प्रहरीको प्रत्येक प्रदेश र जिल्लामा रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरु बालबालिका खोजतलास नम्बर



सचिव

१०४ को प्रदेश, जिल्ला, महानगर, ईलाका, प्रभाग, वृत्त वा स्थानीय सम्पर्क तथा समन्वय एकाइको रुपमा रहनेछन् ।

(ङ) बालबालिका खोजतलास नम्बर १०४ को प्रदेश, जिल्ला, महानगर, ईलाका, प्रभाग, वृत्त वा स्थानीय सम्पर्क तथा समन्वय एकाइको सञ्चालन तथा व्यवस्थापन गर्ने पूर्ण जिम्मेवारी नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा रहनेछ ।

१२. **बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन केन्द्र तथा सेवा केन्द्रको काम, कर्तव्य र अधिकारः**
बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन केन्द्र तथा सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उजुरी, जानकारी तथा सूचना प्राप्त गर्ने, दर्ता गर्ने र अभिलेख राख्ने ।

(ख) खोजतलास तथा उद्धारको लागि सूचना प्रचार प्रसार, प्रसारण, प्रकाशन तथा सम्प्रेषण गर्ने, गराउने ।

(ग) खोजतलास, उद्धार तथा संरक्षणको लागि सम्बन्धित तहका सरोकारवाला निकाय तथा संस्था बीच समन्वय, सहयोग, सहकार्य गर्ने, गराउने ।

(घ) खोजतलास गरी फेला परेका वा बेवारिस फेला परेका बालबालिकाको बालमैत्री रुपमा उद्धार व्यवस्थापन गर्ने, राहत उपलब्ध गराउन सहयोग गर्ने, मनोविमर्श गर्ने, स्वास्थ्य उपचार गर्ने, अस्थायी संरक्षण सेवाको प्रबन्ध मिलाउने, निजको घर, ठेगाना तथा परिवार (बाबु, आमा वा अन्य नातेदार) पत्ता लगाउने ।

(ङ) परिवार पत्ता लागेका बालबालिकाको पारिवारिक पुनर्मिलन गर्ने, गराउने ।

(च) परिवार तथा अभिभावर्क र घर ठेगाना समेत पत्ता लाग्न नसकेका बालबालिकाको पालन पोषण, शिक्षादीक्षा लगायतको स्याहार, सुसार र संरक्षणको लागि बाल कल्याण अधिकारी मार्फत वैकल्पिक हेरचाहको व्यवस्था तथा आवासीय बाल गृहमा अल्पकालीन तथा दीर्घकालीन संरक्षणको व्यवस्था मिलाउने ।

(छ) बालबालिका हराउने, वेपत्ता हुने, अपहरण हुने, बेचबिखन तथा ओसार पसार, हिंसा तथा यौन दुर्व्यवहारमा पर्न सक्ने घटनालाई रोकथाम तथा नियन्त्रण गर्न १०४ को सेवा बारे सचेतना अभिवृद्धि मूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(ज) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ र प्रचलित अन्य कानून बमोजिम बालबालिका विरुद्धको कसूरजन्य कार्यको अनुसन्धान र कानूनी कारबाहीमा आवश्यक सहयोग गर्ने, गराउने ।



सचिव

(झ) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई प्रचलित कानून बमोजिम उद्धार गरी दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको व्यवस्थाका लागि बाल कल्याण अधिकारी तथा सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने, गराउने ।

(ञ) साप्ताहिक, मासिक, चौमासिक तथा वार्षिक र आवधिक तथा अद्यावधिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित तहको एकाइले सम्बन्धित तहमा रहेका तालुक निकायमा नियमित पेश गर्ने ।

## परिच्छेद –५

## सरोकारवाला निकाय तथा संघ संस्थाको दायित्व तथा भूमिका

१३. <u>सरोकारवाला निकाय तथा संघ संस्थाको दायित्व तथा भूमिकाः</u> बालबालिका खोजतलास नम्बर १०४ को सेवा सञ्चालनका लागि सरोकारवाला निकाय तथा संघ संस्थाहरूको दायित्व तथा भूमिका दफा १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३ र २४ मा भए बमोजिम हुनेछ ।

१४. <u>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको दायित्व तथा भूमिकाः</u>

(क) संघीय तहमा बालबालिका खोजतलास समन्वय केन्द्र सुचारु रुपले सञ्चालनका लागि मन्त्रालयले नीतिगत निर्णय, स्रोत विनियोजन, सञ्चालनको व्यवस्था गर्न अन्तर मन्त्रालय तथा निकायसँग समन्वय सहयोग विस्तार अभिवृद्धि गर्ने ।

(ख) समय समयमा सेवा प्रवाहको अनुगमन, मूल्याङ्कन गरी आवश्यक नीति परिमार्जन गर्ने र निर्देशन दिने ।

(ग) बालबालिका खोजतलास समन्वय केन्द्रले सञ्चालन गर्नु पर्ने सेवा तथा कार्य र खोजतलास, उद्धार, राहत, पुनर्मिलन तथा पुनर्स्थापना कार्य समेतको लागि आवश्यक वजेट विनियोजन गर्ने गराउने।

(घ) बालबालिका खोजतलास नम्बर १०४ को सेवा प्रवाहको राष्ट्रिय संयोजन गर्ने।

(ङ) प्रदेश तहमा बालबालिका खोजतलास नम्बर १०४ तथा यसको सचिवालय स्थापना तथा सञ्चालनका लागि संघीय र प्रदेश मन्त्रालय तथा अन्य निकायसँग समन्वय र सहजीकरण गर्ने ।

(च) बालबालिका खोजतलास समन्वय केन्द्र तथा सचिवालयको व्यवस्थापन तथा सुदृढीकरण गर्ने ।

नेपाल सरकार
बालबालिका तथा ज्येष्ठ नागरिक म...
सिंहदरबार, काठमाडौं

२।।८।।

सचिव

१५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको दायित्व तथा भूमिका:

(क) बालबालिकाको खोजतलास, उद्धार र पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको लागि सेवा प्रदान गर्ने टेलिफोन नम्बर १०४ निःशुल्क रुपमा सञ्चालन हुने व्यवस्थामा सहयोग गर्ने ।

(ख) १०४ को सेवा सञ्चालन सम्बन्धी सचेतना मूलक सन्देशहरु आम सञ्चार माध्यमबाट निःशुल्क रुपमा प्रचार प्रचार, प्रकाशन तथा प्रसारण हुने व्यवस्था गर्ने ।

१६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दायित्व तथा भूमिका: खोजतलास पछि भेटिएका वा बेवारिस अवस्थामा फेला परेका र पारिवारिक पुनर्मिलन हुन नसकी विभिन्न आवासीय बाल गृहमा पुनर्स्थापना भएका बालबालिकालाई निःशुल्क रुपमा स्वास्थ्य उपचार गर्ने व्यवस्था मिलाउने।

१७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको दायित्व तथा भूमिका: आवासीय बाल गृह वा संस्थामा रहेका बालबालिकाको निःशुल्क पठन पाठन, छात्रवृत्ति र स्वरोजगार मूलक सीप विकास तालीमको व्यवस्था मिलाउने।

१८. राष्ट्रिय बाल अधिकार परिषद्को दायित्व तथा भूमिका:

(क) बालबालिका खोजतलास नम्बर १०४ को सचिवालयको रुपमा आइपर्ने कर्मचारी व्यवस्थापन लगायतका सम्पूर्ण कार्यहरु मन्त्रालय समेतको मार्गदर्शनमा सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ख) बालबालिका खोजतलास नम्बर १०४ को साप्ताहिक, मासिक, चौमासिक र वार्षिक राष्ट्रिय प्रतिवेदन तयार गर्ने।

(ग) खण्ड (ख) बमोजिमको राष्ट्रिय प्रतिवेदनले दिएका सुझाव तथा अवस्थालाई कार्यान्वयन गर्न सरोकारवालासँग समन्वय तथा सहजीकरण गर्ने।

(घ) वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालयमा पठाउने ।

(ङ) बालबालिका खोजतलास नम्बर १०४ को सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीहरुको क्षमता अभिवृद्धि तालीम सञ्चालन गर्ने।

(च) हराएका तथा अपहरणमा परेका बालबालिकाको खोजतलास, हराएर फेला परेका र बेवारिस फेला परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, पुनर्मिलन तथा पुनर्स्थापना, बेचबिखन तथा ओसार पसार, हिंसा र यौन दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापनका लागि सरोकारवाला तिनै तहका सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी



सचिव

संघ संस्था र नागरिक समाजसँगको समन्वय र सहयोगमा समेत स्रोत साधन जुटाउने र परिचालन गर्ने।

(छ) सेवा प्रवाह तथा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने र वार्षिक तथा आवधिक समीक्षा गर्ने।

१९. <u>नेपाल प्रहरी तथा प्रदेश प्रहरीको दायित्व तथा भूमिकाः</u>

(क) नेपाल प्रहरी तथा प्रदेश प्रहरीका महिला, बालबालिका तथा ज्येष्ठ सेवा केन्द्रलाई परिचालन गर्ने।

(ख) बालबालिका खोजतलास नम्बर १०४ को लागि आवश्यक हुने थप दरबन्दी, वजेट तथा कार्यक्रम र योजना स्वीकृत गर्ने ।

(ग) सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक निर्देशन दिने।

(घ) जिल्ला स्थित रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा आवश्यक कर्मचारी र आर्थिक स्रोत साधानको व्यवस्था गरी १०४ को सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

(ङ) जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सञ्चालनमा रहेको निःशुल्क टेलिफोन नम्बर १०४ लाई जिल्ला स्थित सबै ईलाका, प्रभाग, वृत्त तथा वडा प्रहरी कार्यालयमा रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा जडान गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने।

(च) जिल्ला स्थित सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य अभिवृद्धि गरी खोजतलास, उद्धार, राहत, पुनर्मिलन तथा पुनर्स्थापना जस्ता कार्यहरु गर्ने, गराउने।

(छ) बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र र जिल्ला समन्वय केन्द्र तथा सचिवालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने ।

(ज) बालबालिका खोजतलास नम्बर १०४ सेवा प्रवाहको जिल्लागत साप्ताहिक, मासिक, चौमासिक र वार्षिक अभिलेख अद्यावधिक गरी प्रतिवेदन प्रणालीलाई नियमित रुपमा बालबालिका खोजतलास समन्वय केन्द्रमा पेश गर्ने व्यवस्था मिलाउने तथा निर्देशन गर्ने।

२०. <u>नेपाल दूरसञ्चार प्राधिकरणको दायित्व तथा भूमिकाः</u> सबै सेवा प्रदायकबाट बालबालिका खोजतलास नम्बर १०४ निःशुल्क रूपमा सञ्चालन हुने व्यवस्था मिलाउने र समयानुकूल हुने गरी प्रविधि तथा प्राविधिक पक्षको व्यवस्थापन गर्ने ।



२०७८/...

सचिव

२१. बालबालिका खोजतलास समन्वय केन्द्र, प्रदेश समन्वय केन्द्र, जिल्ला समन्वय केन्द्र र जिल्ला स्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको दायित्व तथा भूमिकाः

(क) यस निर्देशिकामा उल्लिखित व्यवस्थाहरु लगायत सम्बन्धित तालुक निकायको निर्णय तथा निर्देशनको पालना गर्ने।

(ख) बालबालिका खोजतलास नम्बर १०४ को सेवाहरु प्रभावकारी रूपमा सञ्चालन गर्न सम्बन्धित तहमा रहेका निकाय तथा संघ संस्थासँग समन्वय, सहयोग, सहकार्य र सहजीकरण गर्ने।

(ग) साप्ताहिक, मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तोकिएको ढाँचामा तयार गरी तालुक निकायमा पेश गर्ने ।

२२. सेवा प्रदायक निकायको दायित्व तथा भूमिकाः नेपाल टेलिकम, एनसेल लगायतका सेवा प्रदायक निकायले बालबालिका खोजतलास नम्बर १०४ लाई निःशुल्क रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक प्राविधिक सहयोग गर्ने ।

२३. बाल गृहको दायित्व तथा भूमिकाः खोजतलास गरी फेला परेका वा बेवारिस अवस्थामा फेला पारी पारिवारिक पुनर्मिलन भई नसकुन्जेल सम्मका लागि केन्द्र तथा सम्बन्धित सेवा केन्द्र वा बाल कल्याण अधिकारीबाट अल्पकालीन वा दीर्घकालीन संरक्षणका लागि सिफारिस भई आएमा बालबालिकालाई मापदण्ड बमोजिम बाल गृहमा राखी पालन पोषण, स्याहार सुसार, पठन पाठन तथा संरक्षणको आवश्यक व्यवस्था मिलाउने।

२४. बालबालिकाका क्षेत्रमा काम गर्ने अन्य निकाय तथा संघ संस्था र नागरिकको दायित्व तथा भूमिकाः यस निर्देशिकामा उल्लिखित निकाय तथा संघ संस्था सहित बाल अधिकारको संरक्षण, सम्मान, प्रवर्धन र परिपूर्तिका लागि सेवा प्रदान गर्ने अन्य सबै निकाय, संघ संस्था, व्यक्ति, पदाधिकारी, कर्मचारी एवम् आम नागरिकले बालबालिका खोजतलास नम्बर १०४ को कार्यमा आवश्यक सहयोग पुऱ्याउनु निजहरूको दायित्व हुनेछ।

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं



२।८।७।

सचिव

## परिच्छेद –६

## वार्षिक कार्यक्रम खर्च, कर्मचारी र प्रतिवेदन सम्बन्धी व्यवस्था

२५. <u>वार्षिक कार्यक्रमः</u> (१) बालबालिका खोजतलास नम्बर १०४ को वार्षिक कार्यक्रम नेपाल सरकारको मन्त्रालयगत वजेट प्रणाली **(LMBIS)** तथा प्रदेश र स्थानीय तहको वजेट प्रणालीमा स्वीकृत भए बमोजिम सञ्चालन, व्यवस्थापन गरिनेछ ।

(२) बालबालिका खोजतलास समन्वय केन्द्र सञ्चालन तथा व्यवस्थापन र केन्द्रमा कार्यक्रम हेर्न खटिएका कर्मचारीको तलब भत्ता लगायतको कार्यक्रम खर्च मन्त्रालय तथा परिषद्ले व्यवस्था गर्नेछ भने नेपाल/प्रदेश प्रहरी तर्फको कर्मचारीको तलब भत्ता र जिल्ला स्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन खर्च नेपाल प्रहरी/प्रदेश प्रहरीले व्यवस्था गरे बमोजिम हुनेछ ।

तर बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र सञ्चालन तथा व्यवस्थापन र सो केन्द्रमा कार्यक्रम हेर्न खटिएका कर्मचारीको तलब भत्ता लगायतको कार्यक्रम खर्च प्रदेश सामाजिक विकास मन्त्रालय तथा प्रदेश बाल अधिकार समितिले व्यवस्था गर्नेछ भने नेपाल/प्रदेश प्रहरी तर्फको कर्मचारीको तलब भत्ता नेपाल/प्रदेश प्रहरीले व्यवस्था गरे बमोजिम हुनेछ ।

(३) बालबालिका खोजतलास नम्बर १०४ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमका स्रोतबाट कार्यक्रम वजेट रकम विनियोजन गर्न सकिनेछः–

(क) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,

(ख) बाल कोष (संघ, प्रदेश र स्थानीय समेत),

(ग) राष्ट्रिय बाल अधिकार परिषद्,

(घ) नेपाल प्रहरी,

(ङ) प्रदेश सरकार, प्रदेश सामाजिक विकास मन्त्रालय,

(च) प्रदेश प्रहरी,

(छ) जिल्ला स्थित स्थानीय तह ।

(४) उपदफा (३) बमोजिमको कार्यक्रम वजेट रकम सम्बन्धित निकायको प्रचलित कानून बमोजिम भएको लेखा प्रणाली अनुसार खर्च निकासा तथा भुक्तानी गरिनेछ ।

(५) समितिबाट प्राप्त निर्देशनहरुको पालना गर्नु सम्बन्धित सजिवालय रहेको कार्यालय प्रमुख र लेखा प्रमुखको कर्तव्य हुनेछ ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं



सचिव

(६) केन्द्र तथा सेवा केन्द्रको दैनिक अति आवश्यक प्रशासनिक कार्यहरु सञ्चालनको लागि मासिक रुपमा कुनै कर्मचारीलाई तोकेर प्रचलित कानूनको अधीनमा रही सचिवालयले पेश्की उपलब्ध गराउन सक्नेछ तर पहिलेको पेश्की फछ्र्यौट नगरी अर्को महिनाको लागि पेश्की उपलब्ध गराउन सकिने छैन ।

(७) बालबालिका खोजतलास नम्बर १०४ को सेंवा प्रवाह, कार्यक्रम (गोष्ठी, कार्यशाला, अभिमूखीकरण, अन्तर्क्रिया, अभियान तथा बैठक) सञ्चालन तथा दैनिक नियमित प्रशासनिक कार्यहरु सम्बन्धी खर्च नेपाल सरकारको प्रचलित आर्थिक कानून, अर्थ मन्त्रालयले निर्धारण गरेको नर्म्स तथा कार्य सञ्चालन निर्देशिका र स्वीकृत वार्षिक कार्यक्रम बमोजिम हुनेछ ।

तर उद्धार गरिएका वा बेवारिस फेला परेका बालबालिकाको तत्काल अस्थायी संरक्षण सेवा केन्द्र वा बाल गृहमा राखी दीर्घकालीन संरक्षण व्यवस्थापनका लागि मन्त्रालयले स्वीकृत गरेको मापदण्ड तथा कार्यविधि बमोजिम त्यस्ता संस्था वा बाल गृहलाई आर्थिक अनुदान सहयोग उपलब्ध गर्न सकिनेछ ।

२६. <u>खर्च भुक्तानी गर्न सकिने:</u> वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित कार्यक्रम वजेट रकमबाट दफा ६ र १२ मा उल्लिखित सेवा तथा कार्यहरुका अतिरिक्त देहायका कार्यहरु गर्न समेत प्रचलित आर्थिक नियम भित्र रही खर्च भुक्तानी गर्न सकिनेछः-

(क) केन्द्र तथा सेवा केन्द्रमा कार्यरत कर्मचारीको तलब, भत्ता र सुविधा सम्बन्धी खर्च,

(ख) केन्द्र तथा सेवा केन्द्रको कार्यालय सञ्चालन सम्बन्धी खर्च,

(ग) समितिको बैठक सञ्चालन तथा भत्ता खर्च,

(घ) बालबालिका पुनर्मिलन तथा पुनर्स्थापना कार्यमा भएको दैनिक भत्ता र भ्रमण खर्च,

(ङ) उद्धार गरिएका तथा बेवारिस फेला परेका बालबालिकाको हक हितमा भएको राहत खर्च (जस्तोः स्वास्थ्य उपचार, मनोविमर्श, यातायात खर्च, कुरुवा खर्च, खाजा वा खाना खर्च आदि),

(च) २४ सैं घण्टा सेवा सञ्चालन हुनु पर्ने भएकोले केन्द्र र सेवा केन्द्रमा कार्यालय समय अघि पछि वा सार्वजनिक विदाको दिन खटिएका कर्मचारीलाई अतिरिक्त समय काम गरे वापतको खाजा/खाना खर्च नेपाल सरकार अर्थ मन्त्रालयको नर्म्स अनुसार हुने खर्च,

(छ) वार्षिक कार्यक्रम सञ्चालन अन्तर्गत, क्षमता अभिवृद्धि तालीम, अभिमुखीकरण, कार्यशाली गोष्ठी तथा अन्तर्क्रियाको लागि प्रचलित नियमानुसार सहभागीको

भ्रमण खर्च, दैनिक भत्ता, फुटकर खर्च, खाजा तथा मसलन्द र हल भाडा खर्च।

२७. <u>कर्मचारी सम्बन्धी व्यवस्था:</u> (१) बालबालिका खोजतलास नम्बर १०४ सञ्चालनको लागि परिषद्ले नेपाल प्रहरी र मन्त्रालय तथा प्रदेश बाल अधिकार समितिले प्रदेश प्रहरी र सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी आवश्यक कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ ।

(२) बालबालिका खोजतलास समन्वय केन्द्र, प्रदेश समन्वय केन्द्र र जिल्ला स्थित जिल्ला समन्वय केन्द्र, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा नेपाल/प्रदेश प्रहरीले खटाएका कर्मचारीहरु रहनेछन् भने बालबालिका खोजतलास समन्वय केन्द्र र प्रदेश समन्वय केन्द्रमा कार्यक्रम हेर्ने, मनोविमर्श सेवा प्रदान गर्ने र सामाजिक कार्यकर्ता जस्ता आवश्यक हुने पदका कर्मचारीको दरबन्दी परिषद्ले मन्त्रालय र प्रदेश बाल अधिकार समितिले सामाजिक विकास मन्त्रालयबाट स्वीकृत गराइ सेवा शर्त सम्झौता बमोजिम करारमा नियुक्त गर्न सक्नेछ ।

(३) नेपाल/प्रदेश सरकारको दरबन्दीमा स्थायी नियुक्ति भै केन्द्र र जिल्ला स्थित सेवा केन्द्रमा काजमा रही काम गर्ने गरी खटाइएका कर्मचारीहरुको सेवा शर्त तथा सुविधाहरु निजहरु संलग्न भएको सेवा समूहसँग सम्बन्धित प्रचलित कानून अनुसार नै हुनेछ ।

(४) करारमा नियुक्त भएका कर्मचारीहरुको सेवा सुविधा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

(५) केन्द्र तथा सेवा केन्द्रमा कर्मचारी खटाउने निकायले कर्मचारीको कार्य विवरण तोकेर सो अवधिको कार्य सम्पादन मूल्याङ्कन गर्दा केन्द्र तथा सेवा केन्द्रमा सम्पादन गरेको कार्यहरु समेतको आधारमा गर्नु पर्नेछ ।

२८. <u>आय व्ययको विवरण तथा प्रगित प्रतिवेदन सार्वजनिक गर्नु पर्ने:</u> (१) वार्षिक स्वीकृत कार्यक्रमको चौमासिक र वार्षिक रुपमा खर्च भएको रकम र सोबाट प्राप्त भएको प्रगति प्रतिवेदन राष्ट्रिय बाल अधिकार परिषद्/प्रदेश बाल अधिकार समिति र सम्बन्धित जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरले वेवसाइट समेतमा राखी सार्वजनिक गर्नु पर्नेछ।

(२) केन्द्र तथा सेवा केन्द्रबाट भएका खर्चहरु मितव्ययी, पारदर्शी र औचित्य पूर्ण भए/नभएको सम्बन्धमा समितिले मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

२९. <u>प्रतिवेदन तयार, पेश, प्रकाशन तथा अद्यावधिक गर्ने:</u> (१) प्रत्येक केन्द्र तथा सेवा केन्द्रले हराएका, हराएका मध्ये फेला परेका, वेवारिस फेला परेका, वेपत्ता भएका, अपहरणमा परेका र उद्धार भएका, बेचबिखन तथा ओसार पसारमा परेका र उद्धार भएका, हिंसा तथा यौन



सिंहदरबार, काठमाडौं

२।८।२१

सचिव

दुर्व्यवहारमा परेका र कानूनी कारबाहीको लागि अनुसन्धान गरिएका बालबालिकाको साप्ताहिक, मासिक, चौमासिक र वार्षिक अद्यावधिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) प्रत्येक सेवा केन्द्रले साप्ताहिक, मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक अर्को हप्ताको १ दिन र अर्को महिनाको १ गतेभित्र सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसरमा रहेको सेवा केन्द्रमा पठाउनु पर्नेछ ।

(३) जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरमा रहेको प्रत्येक सेवा केन्द्रले जिल्ला भित्रका सबै सेवा केन्द्रहरु समेतको एकीकृत साप्ताहिक, मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रत्येक अर्को हप्ताको २ दिन र अर्को महिनाको २ गतेभित्र केन्द्र, संघीय प्रहरी एकाइ कार्यालय र प्रदेश प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(४) केन्द्रले उपदफा (३) बमोजिम प्राप्त भएको प्रतिवेदनलाई एकीकृत साप्ताहिक, मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रत्येक अर्को हप्ताको ३ दिन र अर्को महिनाको ३ गतेभित्र संघको हकमा परिषद्, नेपाल प्रहरी र मन्त्रालय तथा प्रदेशको हकमा प्रदेश बाल अधिकार समिति, प्रदेश प्रहरी र सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) बालबालिका खोजतलास नम्बर १०४ सम्बन्धी राष्ट्रिय र प्रादेशिक वार्षिक तथा आवधिक अद्यावधिक प्रतिवेदनमा बालबालिकाको गोपनीयता कायम हुने गरी प्रचलित कानूनको अधीनमा रही क्रमशः परिषद् र प्रदेश समन्वय समिति सचिवालयले प्रकाशन गर्न सक्नेछ ।

(६) सेवा केन्द्र तथा केन्द्रको साप्ताहिक, मासिक/चौमासिक/वार्षिक प्रगति प्रतिवेदनको ढाँचा अनुसूची -१, २, ३ र ४ मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## लेखा, लेखा परीक्षण र विविध

३०. <u>आर्थिक कारोबार प्रचलित कानून बमोजिम हुने</u> (१) यस निर्देशिका बमोजिम हुने आर्थिक कारोबारको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) वार्षिक कार्यक्रमको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

३१. <u>संशोधन गर्न सक्ने:</u> यस निर्देशिकालाई आवश्यकतानुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

तर निर्देशिकाको कुनै अनुसूची थप घट तथा संशोधन गर्नु परेमा नेपाल प्रहरीको परामर्शमा परिषद्ले अनुसूची संशोधन गर्न सक्नेछ ।

नेपाल सरकार बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं



२।८६२

सचिव

३२. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यो निर्देशिका कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

३३. <u>बचाउ:</u> नेपाल सरकार तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले वि.सं. २०६३ साल मंसिर २२ गते काठमाडौं उपत्यकाको भृकुटीमण्डपमा स्थापना गरेको बालबालिका खोजतलास समन्वय केन्द्र तथा बालबालिका खोजतलास नम्बर १०४ बाट भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

सिंहदरबार, काठमाडौं

२०७८।

सचिव

# अनुसूची -१

(दफा २९ को उपदफा (६) सँग सम्बन्धित।)

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रहरी कार्यालय .............

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र.........

हराएका, हराएर फेला परेका, बेवारिस फेला परेका बालबालिका सम्बन्धी दर्ता, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सम्बन्धी

साप्ताहिक प्रगति प्रतिवेदन (फाराम नं. १)

(मिति ... .../.../..... गतेदेखि .......गतेसम्म)

१. हराएका र हराएर फेला परेका बालबालिकाको खोजतलास, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सम्बन्धी विवरण

| क्र.सं. | हराएका | | | | हराएका मध्ये फेला परेका | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको नाम, थर र उमेर | स्थायी ठेगाना | लिङ्ग | हराएको मिति | बालबालिकाको नाम र उमेर | स्थायी ठेगाना | लिङ्ग | फेला परेको मिति | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

उल्लिखित बालबालिका मध्ये

| क्र.सं. | विवरण | बालक | बालिका | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | हराएका बालबालिका | | | | |
| २ | हराएका मध्ये फेला परेका | | | | |
| | (क) फेला परेका मध्ये पारिवारिक पुनर्मिलन गरिएका | | | | |
| | (ख) फेला परेका मध्ये संरक्षणका लागि आवासीय बाल गृह/संस्थामा पठाइएका (पुनर्स्थापना गरिएका) | | | | |

२. बेवारिस (अलपत्र) फेला परेका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सम्बन्धी विवरण

